FOR NEPALI BY NEPALI नेपालीका लागि नेपाली
Non-Resident Nepali Association (NRNA)
गैरआवासीय नेपाली संघ

Ref. N-25/013-15

**प्रेस विज्ञप्ति**

**गैरआवासीय नेपाली संघद्वारा गहिरो शोक प्रकट:**

गत् २०७२ जेठ २७ गते ताप्लेजुंग जिल्लाको लिवाङ, सान्थ्राका खोप्लिङ र लिङतेप भन्ने ठाउँहरुमा भिषण पहिरो गए वापत अहिले सम्म जानकारी भए अनुसार २१ व्यक्तिको मृत्यु, ३७ जना बेपत्ता, कैयन् परिवार विस्थापित भएको खबरले गैरआवासीय नेपाली संघ यस घटना प्रति दु:ख प्रकट गर्दछ ।

संघ मृतकहरुका परिवार प्रति हार्दिक समवेदना प्रकट गर्दै मृतात्माहरुको चीरशान्तीका साथै यस दुखद घडीमा मृतकहरुका परिवारजनलाई धैर्यधारण गर्ने शक्ति मिलोस भनी ईश्वरसंग प्राथना गर्दै यस घटनामा घाईते भएकाहरुको शिघ्र स्वास्थ लाभको कामना गर्दछ ।

बैशाख १२ गतेको विनासकारी महाभूकम्प तथा त्यस पछि आएका पराकम्पनहरुका कारण पहाडी क्षेत्रहरुमा पहिरो जान सक्ने अत्यन्त जोखिम स्थानहरुको पहिचान गरी यसलाई न्युनीकरण गर्न अनुगमन तथा आवश्यक स्थानमा स्थानान्तरको व्यवस्थाको लागि उपयूक्त कार्ययोजना तयार गरी लागू गर्न नेपाल सरकारसंग आग्रह गर्दछ ।

शेष घले
अध्यक्ष
अन्तर्राष्ट्रिय समन्वय परिषद
गैरआवासीय नेपाली संघ ।

मिति : २०७१ जेठ २९

NRNA Secretariat, FNCCI Building, Pachali Shahid Shukra FNCCI Milan Marg Teku, P O Box 269, Kathmandu, Nepal
Tel: (+977-1) 4215247 / 4262255, Fax: (+977-1) 4262255, Email: nrn@nrn.org.np, Website: www.nrn.org.np